# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु मधेश प्रदेश, सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव **इम नारायण श्रेष्ठ** समेत १५ जना मु.नं (०८१-CR-००७९) फैसला मिति २०८२।११।१३ | गैरकानुनी लाभ हानि पुऱ्याउने बदनियतले कार्य गरी गराई भ्रष्टाचार गरेको समेत। | **आयोगको माग दावी**<br>• मधेस प्रदेश, सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव इम नारायण श्रेष्ठ, लेखा अधिकृत नबिन दास र वरिष्ठ स्वास्थ्य प्रशासक मुक्ति नारायण साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ) बमोजिमको कसूरमा विगो रु.१९,४६,१३,१२०।- (अक्षरेपि उन्नाइस करोड छयालिस लाख तेह्र हजार एक सय बीस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र प्रतिवादी इम नारायण श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को २४ बमोजिम थप सजाय हुन समेतको मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका तत्कालीन निर्देशक डा. श्रवण कुमार मिश्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ) बमोजिमको कसूरमा विगो रु.१९,४६,१३,१२०।- (अक्षरेपि उन्नाइस करोड छयालिस लाख तेह्र हजार एक सय बीस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन र निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २४ बमोजिम थप सजाय हुन समेतको मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका वरिष्ठ ल्याव टेक्निसियन निरीक्षक गुणानन्द प्रसाद साह, मेडीकल ल्याब टेक्नोलोजिष्ट मन मोहन मिश्र र ल्याब टेक्निसियन निरीक्षक राम उदगार यादवलाई प्रतिवादीहरु गुणानन्द प्रसाद साह, मन मोहन मिश्र र राम उदगार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ) बमोजिमको कसूरमा विगो रु.१९,४६,१३,१२०।- (अक्षरेपि उन्नाइस करोड छयालिस लाख तेह्र हजार एक सय बीस) कायम गरी प्रतिवादीहरु गुणानन्द प्रसाद साह, | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• मधेश प्रदेश सामाजिक विकास मन्त्रालयबाट स्विकृत बजेट तथा प्रकाशित PPHL2/G/NCB/04/2078-79 को बोलपत्र बमोजिम ६४ स्थानीय तहका लागि Fully automatic Hematology Analyzer, Fully automatic Biochemistry Analyzer, Microscope and Reagent and Kit अनुमानित लागत भन्दा कम मूल्यमा खरिद सम्झौता गरी सो सामानहरूको आपूर्ति तथा भुक्तानी भएको देखिएको ।<br>• खरिद गरिएका सामानहरुको गुणस्तर एवं मूल्यका विषयमा आरोप दावीमा कुनै दावी रहेको नदेखिएको।<br>• खरिद भएका सामानहरुको गुणस्तर स्पेशिफिकेशन बमोजिमकै रहे भएको तथ्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विशेषज्ञको प्रतिवेदनबाट समेत पुष्टि भएको देखिएको।<br>• उक्त सामान/उपकरणहरु प्रदेश सरकारबाट पारित बजेट तथा कार्यक्रम बमोजिम खरिद भएको र तत्काल कोभिड महामारीको परिस्थितिमा १५ दिने E-bidding मार्फत खरिद प्रक्रिया अवलम्बन गरेको देखिएको साथै सम्बन्धित स्थानीय तहबाट प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई पठाएको पत्र तथा विवरणमा उक्त खरिद भएका प्रयोगशाला उपकरणहरु प्रयोगमा रही सेवाशुल्क समेत संकलन भैरहेको भन्ने देखिएको परिप्रेक्ष्यमा यी प्रतिवादीहरूले आरोपदावी बमोजिमको कसुर गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट | • प्रस्तुत मुद्दामा आर्थिक वर्ष २०७८।०७९ मा मधेस प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट मधेस प्रदेश स्थित ६४ वटा स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनाको लागि भएका खरिद सम्झौताहरु मध्ये Contract No: PPHL2/G/NCB/04/2078-79 को ठेक्कामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ को उपदफा (३) समेतका प्रचलित कानून बमोजिम खरिद कार्य गर्नु पूर्व गर्न खोजिएको कामको कुनै पूर्व तयारीका कार्य नगरी नगराई, खरिद प्रयोजनार्थ बजेट माग गर्नु पूर्व सम्भाव्यता अध्ययन, लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधिसमेतको अध्ययन विश्लेषण नगरी नगराई बजेट माग गरी गराई खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मनमोहन प्रसाद मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव (ल्या.टे.नि., अधिकृत छैठौं) ले गुरुयोजना र पुर्व तयारी विनाखरिद कार्य अगाडी बढाएको देखिन्छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामले मधेस प्रदेश स्थित ६४ वटा स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनाको लागि थप बजेट माग गर्दा आधार लिइएको दररेट र बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौंको सञ्चालक विशाल पण्डितको श्रीमती सालिन्दा पण्डित सञ्चालक रहेको कस्तुरी ट्रेड लिंक, काठमाडौंले लागत अनुमान प्रयोजनको लागि पेस गरेको दररेट हुबहु मिलेको देखिएकोबाट प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामले एकमात्र बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौंको मिलेमतोमै सम्पूर्ण खरिद प्रक्रियाको योजना बनाएको कार्यतत्त्व (Conduct Element) वाट पुष्टि भएको देखिंदा देखिँदै प्रतिवादीहरु कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह, अमर दीप महतो, उमेश चौधरी, डा.श्रवण कुमार मिश्र, नविन दास, मुक्ति नारायण साह, इमनारायण श्रेष्ठलाई आरोप दावीबाट सफाई दिने विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिंदा उक्त फैसला बदरभागी छ।<br>• मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०२।१९ को निर्णयानुसार ६४ वटा पालिकाहरुमा प्रदेश निदान केन्द्र सञ्चालन गर्न रु.२५,३८,५३,१२०।- (अक्षेरुपी पच्चिस करोड अड्तीस लाख त्रिपन्न हजार एक सय बीस मात्र) रकम स्वीकृत भएकोमा स्पष्ट आधार, कारण र औचित्यता विना एउटा कार्यक्रमलाई दुई वटा ठेक्कामा टुक्र्याई चार वटा मात्रै स्वास्थ्य परीक्षण सम्बन्धी उपकरणहरू Fully Automated Hematology Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents ठेक्का नं. PPHL2/G/NCB/04/2078-79 बाट र अन्य उपकरण, फर्निचर समेत Colorimeter, Centrifuge, Pippete, Computer, Software, Printer, Table, Chair सोही आ.व.२०७८/७९ मा ठेक्का नं. PPHL2/G/NCB/05/2078-79 बाट खरिद गरेको देखिन्छ। उक्त ठेक्का नं. PPHL2/G/NCB/04/2078-79 को खरिद कार्यका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको ल्याव अधिकृत कर्मशिल प्रसाद गोप र वरिष्ठ ल्याव टेक्निसियन गुणानन्द प्रसाद साहले लागत अनुमान रू.१९,५९,८७,२००।- (अक्षेरुपी उन्नाइस करोड उन्साठी लाख सतासी हजार दुई सय मात्र) तयार गरेको, लेखा अधिकृत अमर दीप महतोले चेकजाँच गरेको, वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले निर्देशक डा.श्रवण कुमार मिश्र पेस गरेको, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा.श्रवण कुमार मिश्रले मधेश प्रदेश, सामाजिक विकास मन्त्रालयबाट स्वीकृतिको लागि पेस गरेकोमा सो मन्त्रालयका लेखा अधिकृत नविन दास र वरिष्ठ स्वास्थ्य प्रशासक मुक्ति नारायण साहको राय बमोजिम मधेश प्रदेश, सामाजिक विकास मन्त्रालयका सचिव इम नारायण श्रेष्ठबाट सदर स्वीकृत गर्ने कार्य आफैंमा बदनियतपूर्ण दखिँदा उक्त कार्यमा संलग्न यी प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उक्त तथ्य प्रमाणहरुको विवेचना नगरी प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मन मोहन मिश्र र राम उदगार यादवलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन समेतको मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका माइक्रोबायोलोजिष्ट (अधिकृत नवौं) जितेन्द्र कुमार साह, माइक्रोबायोलोजिष्ट (अधिकृत नवौं) अमरेन्द्र कुमार मिश्र, ल्याब असिस्टेन्ट (चौथौ तह) रमेश कुमार मण्डल, लेखा अधिकृत (अधिकृत छैठौं) अमर दीप महतो, ल्याव असिस्टेन्ट कर्मशील प्रसाद गोप र वरिष्ठ ल्याब अधिकृत उमेश चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज) बमोजिमको कसूरमा विगो रु.१९,४६,१३,१२०।- (अक्षरेपि उन्नाइस करोड छयालिस लाख तेह्र हजार एक सय बीस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र प्रतिवादी उमेश चौधरीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रतिवादी हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौं तथा उक्त कम्पनीको सञ्चालक विशाल पण्डितलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज) बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरमा विगो रु.१९,४६,१३,१२०।- (अक्षरेपि उन्नाइस करोड छयालिस लाख तेह्र हजार एक सय बीस) कायम गरी मुख्य कसूरदारहरुलाई हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय गरी विगो असुल उपर हुन समेतको मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ। | पुष्टि हुन सकेको नदेखिएको। | देखिँदा बदर भागी छ।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको माइक्रोबायोलोजिष्टहरू (अधिकृत नवौं) जितेन्द्र कुमार साह र अमरेन्द्र कुमार मिश्र, ल्याब असिसटेन्ट (चौथो तह) रमेश कुमार मण्डलले Fully Automated Hematolgy Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents को लागि प्राविधिक स्पेशिफिकेशन तयार गरी निर्देशक डा. श्रवण कुमार मिश्रले स्वीकृत गरेको निजहरूको बयान कागज र प्राविधिक स्पेशिफिकेशनबाट देखिन्छ। बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौ, **Mindray** कम्पनीको नेपालको लागि एकमात्र आधिकारिक वितरक (Sole Distributor) रहेको, उक्त ठेक्कामा हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. तीनकुने, काठमाडौंले मात्र बोलपत्र सम्बन्धी कागजातसाथ पेस गरेको, प्रयोगशालाले तयार गरेको Fully Automated Hematolgy Analyzer र Fully Automated Biochemistry Analyzer को प्राविधिक स्पेशिफिकेशन Mindray कम्पनीको Fully Automatic Biochemistry Analyzer, Model: Mindray BS-२३०, Fully Automatic ५ Part Hematology Analyzer Model: Mindray BC-५१५० को प्राविधिक स्पेशिफिकेशनसँग हुबहु मिलेको देखिँदा Mindray Company को Fully Automated Bio-chemistry Analyzer, Model: Mindray BS-२३० र Fully Automated ५ Part Hematology Analyzer, Model: Mindray BC-५१५० को प्राविधिक स्पेशिफिकेशन प्रयोग गरेर नै प्रदेश जनस्वास्थ्य प्रयोगशालाले Fully Automated Hematolgy Analyzer र Fully Automated Biochemistry Analyzer को प्राविधिक स्पेशिफिकेशन तयार गरेको पुष्टि हुन आउँछ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामले ठेक्का सम्झौता गर्ने हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. तीनकुने, काठमाडौंका सञ्चालक विशाल पण्डितकी पत्नी सालिन्दा पण्डित सञ्चालक रहेको कस्तुरी ट्रेड लिंक प्रा.लि., काठमाडौं, विशाल पण्डितको ससुरा नारायण प्रसाद पोखरेल संस्थापक रहेको मेडी सोलुसन इन्टरनेशनल प्रा.लि., काठमाण्डौ र विशाल पण्डितको दाजु पुस्कर पण्डितले उदय कुमार कर्ण बिक्री गरेको लाइफलाइन ट्रेड इन्टरनेशनल प्रा.लि., ललितपुरसँग दररेट लिई लागत अनुमान तयार गरेको देखिएको हुदाँ प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामले बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.का सञ्चालक विशाल पण्डितसँगको मिलेमतोमा गैरकानूनी लाभ उठाउने बदनियतले पूर्व नियोजित योजना बमोजिम नै एउटै परिवार वा नातेदारहरु कै फर्मबाट दररेट लिई दिई ठेक्का प्रक्रिया अगाडि बढाएको देखिँदा निज प्रतिवादीहरुको कार्यतत्त्वबाट भ्रष्टाचारजन्य कसूर स्थापित हुने तत्व family connection, Conflict of Interest, Collusion, deceptive procurement process समेतको विद्यमानता रहेको देखिँदा देखिँदै उक्त तथ्य प्रमाणको सूक्ष्म विवेचना नगरी प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर भागी छ।<br>• तत्कालीन समयमा कुनै विशेष परिस्थिति नहुँदा नहुँदै गैरकानूनी लाभ लिन सार्वजनिक खरिद नियमावली, २०६४ को विशेष परिस्थिति सम्बन्धी कानूनी प्रावधानको चरम दुरुपयोग गरी खरिद कार्यमा बदनियत राखी रहेको भन्ने गलत आधार देखाई सार्वजनिक खरिद नियमावली, २०६४ को विशेष परिस्थितिको खरिद कार्यको बदनियत राखी गलत प्रयोग गरी ३० (तिस) दिनको म्याद राखी बोलपत्रको सूचना प्रकाशन गर्नुपर्नेमा जम्मा १५ (पन्ध्र) दिनको म्याद राखी बोलपत्रको सूचना प्रकाशन गरेको, बोलपत्रदाताले मिति २०७९/०१/२९ गते नै प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट माग गरे बमोजिमको सङ्ख्या (६४/६४) मा नै खरिद गर्न अर्डर दिई आपूर्ती गर्न तयारी अवस्थामा बसेको, प्रयोगशालाले बोलपत्र सम्बन्धी कागजातमा ५ दिन भित्र सामान उपलब्ध गराउनु पर्ने प्रावधान राखेको देखिएकोले प्रदेश जनस्वास्थ्य प्रयोगशालाले ठेक्का नं. PPHL2/G/NCB/04/2078-79 को खरिद प्रक्रियामा अन्य फर्महरुलाई सहभागी हुन नदिने र बोलपत्रमा उल्लिखित बमोजिमको उपकरणहरू पैठारीको लागि तयार भइसकेको हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.लाई नै अनुकूल हुने गरी मिति २०७९/०२/२३ बोलपत्र पेस गर्न सूचना आह्वान गरेको व्यहोरा पुष्टि भएको देखिन्छ। कोभिड-१९ र मंकिपक्सको कारण देखाई विशेष परिस्थितिको खरिद गर्नुपर्ने भनी सूचनाको म्याद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | छोट्याई बोलपत्र सम्बन्धी कागजातमा Delivery And Completion Schedule मा Delivery Date: Within 5 days of Agreement उल्लेख गरी अत्यन्तै छोटो समय अर्थात् ५ दिन भित्रमा किटानी तवरमा कुन पालिकामा जडान र सञ्चालन गर्ने भनी पालिकाहरूको नाम नै सुनिश्चित नभएको ६४ वटा पालिका स्थित प्रदेश निदान केन्द्रमा Supply, Delivery and Installation गर्न सक्ने सप्लायरले मात्र भनी मिलेमतोमा मात्र ठेक्का प्राप्त गर्ने अवस्था सृजना गरी प्रतिस्पर्धा जानी जानी हुनै नसक्ने स्थिति खडा गर्ने मनसायले छोटो समयमा मालसामान आपूर्ती गर्नसक्ने फर्मले मात्र सहभागि हुन सक्ने गरी बोलपत्र कागजात तयार गरी गराई खरिद प्रकृयाको प्रतिस्पर्धामा पूर्ण संकुचन गरेको प्रष्ट देखिँदा देखिँदै प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर भागी छ।<br>• उक्त ठेक्काको सम्झौता बमोजिम User Training र Installation & Commissioning को जिम्मेवारी समेत रहेकोमा सो पूरा नगरी प्रयोगशालाका निर्देशक डा. श्रवण कुमार मिश्र र वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले Post Delivery Inspection प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनका आधारमा उमेश चौधरी, अमर दिप महतो, कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह र डा. श्रवण कुमार मिश्र आफै आमन्त्रित सदस्य रहेको बोलपत्र मूल्याङ्कन समितिले अगाडि प्रक्रियाका लागि सिफारिस गरी कार्य सम्पन्न नहुँदै मिति २०७९।०३।२४ को गोश्वरा भौचर नम्बर ३५ र ३३३ मार्फत् जम्मा रु. १९,४६,१३,१२०।- (अक्षेरुपी उन्नाइस करोड छयालिस लाख तेह हजार एक सय बीस) ३ दिनमा भुक्तानी गरेको देखिन्छ। साथै, महालेखापरीक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदनको बुँदा नं. २७ ल्याब सञ्चालन खण्डमा "प्रयोगशालाले प्रदेशको ६४ स्थानीय तहमा प्रयोगशाला स्थापना गर्नका लागि विशेष परिस्थितिजन्य कारण उल्लेख गरी आर्थिक वर्षको अन्त्यमा रु. २४ करोड ४८ लाख ३ हजारको ल्याब सामग्री खरिद गरेको; लेखापरीक्षणको अवधिसम्म उक्त सामग्रीहरु प्रयोगशालामा मौज्दात रहेको; ल्याब सामग्री मौज्दात रहँदा स्थानीय तहहरुमा ल्याब सञ्चालन नभएको" भन्ने कैफियत उल्लेख गरेकोबाट समेत उक्त प्रयोगशालाको अन्तिम लेखापरीक्षण हुने बेला सम्मसमेत खरिद गरिएका उपकरणहरू सञ्चालनमा नरहेको र आर्थिक वर्षको अन्तिम समयमा बजेट फ्रिज हुन जाने डरले विशेष परिस्थितिको खरिद गरी सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिको खरिद सम्बन्धी कानूनी प्रावधानको जानी जानी दुरुपयोग गरी बदनियत राखी यी प्रतिवादीहरुको मिलेमतोमा ठेकेदार/आपूर्तिकर्तालाई अनुचित लाभ हुने गरि कार्य गरेको देखिदा देखिदै सो तथ्यलाई नजरअन्दाज गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>• स्थलगत अनुगमन तथा निरीक्षणको क्रममा प्राय सम्पूर्ण प्रयोगशालाहरूमा औसतमा दैनिक ४-५ जना बिरामी मात्र परीक्षणका लागि आउने गरेको, आउने बिरामी समेतले CBC, Glucose test जस्ता अत्यन्त सामान्य परीक्षण मात्र गराउने गरेको देखियो, सोही कारण जडान भएका उपकरणहरू हप्तामा १ पटक मात्र सञ्चालन गर्ने गरेको, प्राय सम्पूर्ण प्रयोगशालाहरूमा रिएजेन्टहरू म्याद गुज्रिसकेको अवस्थामा रहेको तर प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेश प्रदेशबाट मौखिक आदेश बमोजिम तीनै म्याद गुज्रिसकेका रिएजेन्टहरूको प्रयोग गरी नमूना परीक्षण गरी नतिजा दिइरहेको पाइँदा अधिकांश प्रयोगशालामा प्रदान भएका उपकरण पूर्णरूपमा प्रयोगमा नआई भण्डारण मात्र भएको देखिन आएकोले आवश्यकता पहिचान नगरी खरिद प्रकृया सम्पन्न गरिएको देखिन्छ। खरिद गरिएका Fully Automatic Biochemistry Analyzer, Mindray BS-230 को नमुना परीक्षण क्षमता Up to 200 tests/hour, up to 400 tests/hour with ISE र Fully Automatic 5 Part Hematology Analyzer, Mindray, BC-५१५० को नमुना परीक्षण क्षमता 60 samples per hour रहेकोमा कुनै पनि प्रयोगशालामा दैनिक बढीमा १० जना भन्दा बढी बिरामी नहुने हुँदा हाल खरिद गरिएको भन्दा कम क्षमताको उपकरणहरु खरिद गर्दा उपयुक्त हुने अवस्थाको विपरीत आवश्यकता र कारण पुष्टी नहुने गरी अस्वभाविक रुपमा अधिक सङ्ख्यामा उपकरणहरु खरिद भएको देखिन्छ। हाल खरिद गरिएको भन्दा कम क्षमताका उपकरणहरु खरिद गरी वितरण गरिएको भए हाल खरिद गरेको उपकरणले गर्ने बमोजिमकै काम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्ने, पालिकाहरूको जनघनत्व अनुरूप विद्यमान जनसङ्ख्याको नमुना परीक्षण गर्न यथेष्ट हुने र अर्थ व्यय पनि कम हुने देखियो भन्नेसमेत ब्यहोराको आयोगका विज्ञ बायोमेडिकल ईन्जिनियर ताचल निरौलाले पेस गरेको स्थलगत अनुगमन तथा निरीक्षण प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ। निज ताचल निरौलाले विशेष अदालत समक्ष बकपत्र गर्दा उक्त स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन र सो साथ पेश भएको स्थलगत सर्जमिन मुचुल्का लगायतका कागजातहरु म समेतले तयार गरेको हो सोमा उल्लेख भएको ब्यहोरा र सही छाप ठिक छ भन्ने समेत ब्यहोरा उल्लेख गरि बकपत्र गरेको देखिदा अदालतमा बकपत्रबाट पुष्टि भएको विज्ञको राय तथा प्रतिवेदनलाई प्रमाण ऐन २०३१ कोदफा १० र दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरि फैसला गर्नु पर्नेमा सो प्रमाणको उपेक्षा गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ८ को उपदफा (१) को देहाय (घ१) मा प्रतिस्पर्धालाई जानी जानी प्रभाव शून्य वा सीमित वा कमजोर बनाउने उद्देश्यले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून प्रतिकूल हुने गरी शर्त तथा मापदण्ड निर्धारण गर्ने, गराउने वा खरिद कार्यलाई टुक्र्याउन लगाउने वा प्याकेजिङ्ग गर्ने गराउने, सोही दफा ८ को उपदफा (१) को देहाय (घ४) मा खरिद योजना स्वीकृत नगरी मेशिन, यन्त्र, उपकरण खरिद गर्ने, सोही दफा ८ को उपदफा (१) को देहाय (घ९) मा सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानून तथा खरिद सम्झौतामा उल्लिखित शर्त, मापदण्ड र व्यवस्थाको प्रतिकूल हुने कार्य गर्ने गराउनेसमेतको कार्यलाई भ्रष्टाचारजन्य कसुरका रूपमा परिभाषित गरेको देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **<u>दी मेडिकल सोलुसन प्रा.लि. विरुद्ध सार्वजनिक खरिद पुनरावलोकन समिति समेत</u>** भएको उत्प्रेषण परमादेश रिट (०७८-wo-१३३३) मा[1] *"सार्वजनिक खरिदको मूल उद्देश्य सार्वजनिक खरिदलाई गुणस्तरीय, सामयिक र लागत प्रभावकारी (qualitative, timely and cost effective) बनाई मालसामान, सार्वजनिक निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवाहरूको प्राप्ति गर्नु हो, तर वस्तु वा सेवाको माग र पूर्ति वा प्राप्ति गर्नु मात्रै पनि सार्वजनिक खरिदको उद्देश्य नहुने। सार्वजनिक खरिदबाट कुनै पनि सेवा वा सामानको खरिद गर्दा मूल्य सार्थकता, मितव्ययिता, पारदर्शिता र कार्यदक्षतासमेतलाई मध्यनजरमा राख्नुपर्ने। अझ अस्पतालजस्तो संवेदनशील संस्था, जहाँ मानिसको जिउ ज्यानसँग सम्बन्धित रहेको हुन्छ, त्यहाँ उपकरणहरू खरिद गर्दा गुणस्तरलाई उच्च प्राथमिकतामा राखी हेर्नुपर्ने"* भनी प्रतिपादित सिद्धान्त प्रतकूल प्रस्तुत मुद्दामा अनुसन्धानबाट संकलित तथ्य, कागजात एवं सबूद प्रमाणहरुबाट सार्वजनिक संस्था (प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेश प्रदेश) को उल्लिखित खरिद प्रक्रियाको विभिन्न भूमिकामा सम्लग्न राष्ट्रसेवक र आपूर्तिकर्ता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. एवं उक्त कम्पनीका सञ्चालक समेतका प्रतिवादीहरुले आफूहरुलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह लगायतका सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने वदनियत राखी जानी जानी गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ), दफा १९ को उपदफा (२) र सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुने समेतको कसूर भएको हुँदा निज प्रतिवादीहरुलाई विगो रु.१९,४६,१३,१२०।- (अक्षेरुपी उन्नाइस करोड छयालिस लाख तेह हजार एक सय बीस) हानी नोक्सानी पुर्याएको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ञ), दफा १९ को उपदफा (२) र सोही ऐनको दफा २४ बमोजिमको कसूरमा सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिँदा बदर भागी छ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु इमनारायण श्रेष्ठ, |

[1] ने ,.प.का.२०८० फागुन ,११ अंक ,नि११११९२ .नं. ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | डा.श्रवण कुमार मिश्र, नविन दास, मुक्तिनारायण साह, अमर दीप महतो, अमरेन्द्र कुमार मिश्र, कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह, उमेश चौधरी, जितेन्द्र कुमार साह, रमेश कुमार मण्डल, राम उदगार यादव, मन मोहन मिश्र, विशाल पण्डित र हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.समेतलाई आरोप दावीबाट सफाई हुने ठहर गरी भएको विशेष अदलतबाट भएको फैसला त्रुटिपूर्ण देखिँदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |